**बैठक नं. १७** (बैठक संख्या ९२)

आज मिति २०८३/०२/०४ गते दिउँसो १:०० बजे गाउँपालिका अध्यक्ष श्री विष्णु प्रसाद भण्डारी ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको प्रस्ताव माथि छलफल गरि निर्णय गरियो ।

**उपस्थिती:**

| क्र सं | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री विष्णु प्रसाद भण्डारी | |
| २ | उपाध्यक्ष | श्री राधा कुमारी श्रेष्ठ | |
| ३ | कार्यपालिका सदस्य | श्री ईश्वरी काफ्ले | |
| ४ | कार्यपालिका सदस्य | श्री चेत बहादुर सुनारी | |
| ५ | कार्यपालिका सदस्य | श्री थमन बहादुर गाहा | |
| ६ | कार्यपालिका सदस्य | श्री कृष्ण बहादुर रायमाझी | |
| ७ | कार्यपालिका सदस्य | श्री खुमकान्त बस्याल | |
| ८ | कार्यपालिका सदस्य | श्री हिमा कुमारी सिंजाली | |
| ९ | कार्यपालिका सदस्य | श्री सरस्वती वि. क. | |
| १० | कार्यपालिका सदस्य | श्री विमला जि.आर | |
| ११ | कार्यपालिका सदस्य | श्री नानु कुमारी गन्धर्व | |
| १२ | कार्यपालिका सदस्य | श्री भोज बहादुर वि.क. | |
| १३ | कार्यपालिका सदस्य | श्री नेत्र बहादुर वि.क. | |
| १४ | गाउँकार्यपालिका सचिव | श्री वीर बहादुर पुन | |
| १५ | अधिकृत सातौं | श्री बिमला गैहे | |
| | | | |
| | | | |

**बैठक नं. १७** **मिति २०८३/०२/०४**

मिति २०८३ जेठ ४ गतेको गाउँकार्यपालिका बैठकमा पेश हुने प्रस्तावहरु र सो सम्बन्धमा भएका निर्णयहरुः

**प्रस्तावहरुः**

१. प्राप्त पत्रबारे जानकारी तथा गत बैठकको समिक्षा सम्बन्धमा ।
२. आ.व. २०८२/०८३ को बार्षिक योजना कार्यान्वयन सम्बन्धमा ।
३. आ.व. २०८३/०८४ को बार्षिक नीति तथा कार्यक्रम सम्बन्धमा ।
४. आर्थिक सहायता सम्बन्धमा ।
५. पत्राचार गर्ने सम्बन्धमा ।
६. भुक्तानी सम्बन्धमा ।
७. अस्थायी शौचालय निर्माण सम्बन्धमा ।
८. अख्तियारी सम्बन्धमा ।
९. कार्यविधि संशोधन सम्बन्धमा ।
१०. अधुरो योजना कार्यान्वयन गर्ने सम्बन्धमा ।
११. नदिजन्य पदार्थ ढुङ्गा गिट्टी बालुवा निकासी सम्बन्धमा ।
१२. गाबुडाँडामा निर्माणाधिन कल्वर्टका सम्बन्धमाः
१३. शोक प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

**निर्णयहरुः**

**निर्णय नं १**

**प्राप्त पत्रबारे जानकारी तथा गत बैठकको समिक्षा सम्बन्धमाः** विभिन्न कार्यालयबाट प्राप्त पत्रहरु पढिवाची सुनाउने कार्य भयो । साथै गत बैठकमा भएका निर्णयहरु कार्यान्वयन चरणमा रहेको व्यहोरा जानकारी समेत गरियो ।

**निर्णय नं २**

**आ.व. २०८२/०८३ को बार्षिक योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमाः** रम्भा गाउँपालिकाको आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत आयोजना तथा कार्यक्रमहरुको भौतिक प्रगतिको सम्बन्धमा यस कार्यपालिका बैठकमा छलफल गरियो

**निर्णय नं ३**

**बार्षिक निती तथा कार्यक्रम सम्बन्धमाः** आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम तयारी गर्ने सम्बन्धमा आवश्यक छलफल गरियो । साथै तपसिल बमोजिमको कार्यतालिका अनुसार अगाडि बढ्ने निर्णय गरियो ।

**बैठक नं. १७** **मिति २०८३/०२/०४**

तपसिलः

- आ.व. २०८३/०८४ को वार्षिक निती तथा कार्यक्रममा समावेश गर्नुपर्ने विषयका सम्बन्धमा आम गाउँपालिकाबासीहरुको सहभागिता गराउने उद्देश्यले निती तथा कार्यक्रमको लागि विभिन्न माध्यमद्धारा सुझाव संकलन गर्ने ।
- रम्भा गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक निती तथा कार्यक्रम तर्जुमा तथा बजेटका प्राथमिकता बमोजिम योजना तर्जुमाको लागि गाउँकार्यपालिकाका विषयगत समितिको बैठक मिति २०८३ जेठ २० गतेभित्र सम्पन्न गर्ने ।
- लक्षित वर्गका प्रतिनिधिहरु, राजनितीक दलका प्रतिनिधीहरु तथा अन्य सरोकारवालाहरुसँग सुझाव संकलन कार्यको लागि जेठ २० गतेभित्र सर्वदलिय र सर्वपक्षीय बैठक बोलाउने ।

निर्णय नं ४

**आर्थिक सहायता सम्बन्धमा**: रम्भा गाउँपालिकाको बार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिल बमोजिमका व्यक्तिहरुबाट प्राप्त स्वास्थ्य परीक्षण प्रतिवेदन समेतको आधारमा कडा रोग उपचार यातायात शिर्षकबाट यातायात खर्च बापत तपसिल बमोजिमको रकम भुक्तानी दिने निर्णय गरियो ।

| क्र.स. | सहायता प्राप्त गर्नेको विरामीको नाम थर | ठेगाना | रोगको प्रकार | आर्थिक सहायता रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | दुर्ग बहादुर सार्की | रम्भा १ हुँगी | कडा दिर्घ रोग Esophagus cancer | १००००। | अनुमोदन |
| २. | गंगा बहादुर आले | रम्भा २ फोक्सिङकोट | | १०००० | अनुमोदन |
| ३. | बहादुर मश्रागीं | रम्भा १ पाल्पा | मृगौला | १०००० | अनुमोदन |

CamScanner

- तपसिल बमोजिमका व्यक्तिहरुबाट प्राप्त स्वास्थ्य परीक्षण प्रतिवेदन तथा प्रहरी प्रतिवेदन समेतको आधारमा देहाय बमोजिमका व्यक्तिहरुलाई देहाय बमोजिम रकम तपसिल बमोजिमको शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

| क्र.स. | सहायता प्राप्त गर्नेको नाम थर | ठेगाना | विषय | आर्थिक सहायता रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | निर्मला घर्ति | रम्भा ४ हुमिन | जस्तापाताले घर छाउने | १२००० | |
| २ | दुर्गा बहादुर जि टी | रम्भा १ असेर्दी | उपचारको लागि | १०००० | |

**निर्णय नं ५**

**प्रस्तावनाका सम्बन्धमा:**

रम्भा गाउँपालिकाबाट सम्पादित कार्यसम्पादनको सम्बन्धमा आम नागरिकमा सूचना सम्प्रेषण गरि नागरिकको सूचनाको हकको सम्मान गर्ने उद्देश्यले करुवा अर्धसाप्ताहिक द्धारा पेश भएको प्रस्तावना स्वीकृत गरि सम्झौता गरि सम्झौता बमोजिम गरे पश्चात रु ४००००(अक्षेरेपि चालिस हजार मात्र) भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं ६**

**आर्यभञ्ज्याङ रामपुर सडक अन्तर्गत हुमीन ताहुँ खण्डको सडक सम्बन्धमा:**

हुमिन ताहुँ खण्ड अन्तर्गत ताहुँ हुमिन खण्डमा निर्माण व्यवसायीले समयमानै कार्य सम्पन्न नहुँदा आम नागरिकले असाध्यै कष्ट व्यहोर्नु परेको हुदाँ उक्त सडक यथाशिघ्र सम्पन्न गर्नको लागि सम्बन्धित कार्यालयमा पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं ७**

**घुङसिङ लेक मो.बा. को रकम भुक्तानी सम्बन्धमा:**

घुङसिङ लेक मोटरबाटो स्तरोन्नति(मोड कटिङ गर्न) को लागि मोबाइल निर्माण सेवाले कार्यसम्पादन गरेबापतको प्राविधिक प्रतिवेदन बमोजिमको रकम रु ३९८०० (अक्षेरेपि उनन्चालिस हजार आठ सय) भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं ७**

**अस्थायी शौचालय निर्माण,खानेपानी व्यवस्थापन तथा विद्युतिकरण सम्बन्धमा:** रम्भा गाउँपालिका वडा नं १ मजुवा प्रा वि को पुरानो भवनमा नागरिक आरोग्य सेवा केन्द्र संचालनमा ल्याउनका लागि उक्त स्थानमा अस्थायी शौचालय निर्माणको लागि प्राविधिक लागत अनुमान बमोजिमको रकम रु ३२०००(अक्षेरेपि बत्तिस

हजार) छुटपुट पुँजीगत शिर्षकबाट व्यवस्थापन गर्ने साथै उक्त सेवा केन्द्रमा विद्युतिकरण तथा खानेपानी व्यवस्थापन गरि प्राप्त बिल भर्पाईको आधारमा भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं ८**

**अख्तियारी प्रदान गर्ने सम्बन्धमा:**

- विपक्षी श्री जगन्नाथ अर्यालले यस रम्भा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय र १ नं वडा कार्यालय पाल्पा लाई विपक्षी बनाई हालेको मुद्धा नं ०८२-WO-०१७१ को उत्प्रेषण परमादेश मुद्दाको यस गाउँपालिका र १ नं वडा कार्यालयको तर्फबाट उच्च अदालत तुलसीपुर बुटवल इजलासमा गई लिखित जवाफ पेश गरि प्रस्तुत मुद्दा सम्बन्धी गाउँपालिका र वडा कार्यालयको पक्षमा सम्पूर्ण कार्य गर्नको लागि अधिवक्ता श्री नारायण प्रसाद ज्ञवालीलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो।
- मिति २०८३ ०१ ११ मा म्याद तामेली भएको विपक्षी श्री नविन पौडेल समेतले यस रम्भा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय पाल्पालाई विपक्षी बनाई हालेको मुद्दा नं ०८२-WO-०२४४ को परमादेश मुद्दाको यस गाउँपालिकाको कार्यालयको तर्फबाट सर्वोच्च अदालतमा गई लिखित जवाफ पेश गरी प्रस्तुत मुद्दा सम्बन्धी गाउँपालिकाको पक्षमा सम्पूर्ण कार्य गर्नको लागि अधिवक्ता श्री नारायण प्रसाद ज्ञवालीलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं ९**

**कार्यविधि संशोधन सम्बन्धमा:घ वर्गको** निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि २०७७ को दफा ६ को उपदफा ३ र उपदफा ४ हटाउने।

**निर्णय नं १०**

**अधुरो योजना कार्यान्वयन गर्ने सम्बन्धमा:** रम्भा गाउँपालिका वडा नं १ मा आ.व. २०८२/०८३ मा संचालित हुँगी फाँट कुलो सिंचाई योजना अधुरो अवस्थामा रहेको र उक्त योजनामा विनियोजित रकम खर्च भई सकेको तर उक्त योजना सम्पन्न नहुदाँ व्यक्ति घर तथा विद्युत पोलमा क्षति भई त्यस क्षेत्रमा ठूलो विपद जोखिम उत्पन्न हुने देखिएको हुदाँ उक्त सिंचाई कुलो बाँकी कार्य पूरा गर्ने सो खर्चको व्यवस्थापन विपद व्यवस्थापन कोषबाट भुक्तानी गर्ने निर्णय गरियो।

CamScanner

**बैठक नं. १७** **मिति २०८३/०२/०४**

**निर्णय नं ११**

**नदिजन्य पदार्थ ढुङ्गा गिट्टि बालुवा निकासी सम्बन्धमा**: नदिजन्य प्राकृतिक श्रोत (ढुङ्गा गिट्टी बालुवा तथा कच्चा निर्माण सामाग्री) निकासीको लागि रम्भा गाउँपालिकाबाट तिन पटकसम्म आय ठेक्का सम्बन्धी सूचना आह्वान गरिएकोमा कुनै पनि फर्मबाट ठेक्का प्राप्तिको लागि दरभाउपत्र पेश नभएको हुदाँ रम्भा गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन समेतलाई आधार मानि प्राकृतिक श्रोतको चोरी निकासी समेतलाई रोकी स्थानीय स्तरका पूर्वाधार निर्माणलाई गतिशिलता प्रदान गर्नका लागि प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, प्रदेश आर्थिक ऐन, २०८२ मा तोके बमोजिमको दररेट बमोजिम हेभि इक्युपमेन्ट प्रयोग नगरी कर्मचारीको व्यवस्था गरी निकासी हुने क्षेत्रका बाटोलाई गाउँपालिकाले नै व्यवस्थापन गर्ने गरी संक्षिप्त वातावरणीय परीक्षण पूरा गरेका कालीगण्डकी नदी हुँगी घाट, रम्भा-१ बाट अमानतमा नदिजन्य प्राकृतिक श्रोत (ढुङ्गा गिट्टी बालुवा तथा कच्चा निर्माण सामाग्री) निकासी कार्यलाई अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं १२**

**गाबुडाँडामा निर्माणाधिन कल्वर्टका सम्बन्धमा**: यस गाउँपालिकाको आ.व. २०८२/०८३ को स्वीकृत वडा स्तरीय योजना अन्तर्गतको वडा कार्यालय ढुङ्गे सहदीखोला गाँबुडाँडा मो.बा. स्तरोन्नतिको लागि रु ४ लाख बजेट विनियोजन भई योजना कार्यान्वयन गरि भुक्तानी समेत भएको छ। उक्त योजनामा विनियोजित भएको बजेटले कल्वर्ट अधुरो अवस्थामा रहेकोले आगामी दिनमा विपदका घटना घट्न सक्ने हुनाले प्राविधिकको लागत अनुमान अनुसार काम गरि प्राविधिकको मूल्यांकन स्थलगत अनुगमन प्रतिवेदन समेतको आधारमा विविध खर्च शिर्षकबाट रकम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं १३**

**शोक प्रस्ताव पेश गर्ने सम्बन्धमा**: श्री जनहित भगवति माद्यमिक विद्यालय रम्भा ४ हुमिनमा विद्यालय सहयोगी पदमा कार्यरत कर्मचारी श्री रीता श्रेष्ठको मिति २०८३/०२/०४ मा भएको असामयिक निधन प्रति दुख प्रकट गर्दै दिवगंत आत्माको चिर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा प्रति गहिरो समवेदना प्रकट गर्दै शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो ।